गढवा गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
गढवा देउखुरी दाङ
लुम्बिनी प्रदेश नेपाल

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

## परामर्श सेवा खरिद सम्बन्धी सुचना ।
(प्रथम पटक प्रकाशित मिति २०८०/०५/०८)

गढवा गाँउपालिका अन्तर्गत देहाय बमोजिमका नदी क्षेत्र (घाट) बाट चालु आ.व २०८०/०८१ को लागि नदीजन्य पदार्थ उत्खनन् संकलन् तथा निकासी गर्नको लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण तथा अघिल्लो आ.व मा आई.ई.ई भएका घाटहरूको हकमा प्राविधिक प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि आवश्यक रकम विनियोजन भएको छ र सो कार्य सम्पन्न गर्नको लागि योग्यता पुगेका परामर्शदाता बाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ अनुसार सेवा खरिद गर्नुपर्ने भएको हुँदा सम्बन्धीत सबैको जानकारीको लागि यो परामर्श सेवा खरिद सम्बन्धी सुचना प्रकाशित गरिएको छ । योग्यता पुगेका नेपाली परामर्शदाता कम्पनीहरू बाट सुचना प्रकाशित मितिले १५औं दिनको कार्यालय समय भित्र यस गढवा गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय गढवा दाङमा फर्म सुचिकृत गरि, हस्त लिखित निवेदन दिई निशुल्क परामर्श सेवा खरिद सम्बन्धी कागजात लिई १६औं दिन दिनको १२ बजे भित्र छुट्टाछुट्टै प्राविधिक र आर्थिक प्रस्तावलाई एकै खाम भित्र खामबन्दी गरि पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.सं | नदी क्षेत्र (घाट) को विवरण | सेवा सम्बन्धी विवरण | लागत अनुमान रकम रू |
|---|---|---|---|
| १ | १. चिसापानी जुरौनी खोला पुर्व देखि चिसापानी गाँउको ५०० मिटर पश्चिम सम्मको खण्ड, २. रनसिंह दोभान देखि मलमला घाटसम्मको खण्ड, ३. मलमला घाट देखि बनघुस्री घाट सम्मको खण्ड, ४. माथील्लो बडहरा देखि तल्लो बडहरा सम्मको खण्ड, ५. पत्रिङ्गा घाट देखि जेठानगाँउ सम्मको खण्ड, ६. माथील्लो पचैया घाट देखि महदेवा पुल सम्मको खण्ड, ७. खैरा घाट खण्ड र ८. कक्रहवा खोला मनिकापुर घाट खण्ड । | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नुपर्ने । | १८,६५,४१४.८२ (मु.अ.क समेत) |
| २ | राप्ती नदि १. रतनपुर घाट खण्ड, २. खडकपुर घाट खण्ड, ३. धरमपुर घाट खण्ड र ४. झारबैरा घाट खण्ड । | प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने । | ४,८८,०४५.७२ (मु.अ.क समेत) |

२०.०५.०८

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत